# सुन्दरहरैँचा नगरपालिकाको मिति २०८२ मङ्सिर १६ गतेको २/१४५ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरू

| निर्णय नं. | शाखा/उपशाखा/इकाई | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १. | शहरी पूर्वाधार विकास तथा भवन नियमन शाखा | मिति २०८२/०५/२४ गतेका दिन नयाँ पुस्ता (जेनजी) आन्दोलनका क्रममा सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको दुई वटा प्रशासनिक भवन आगजनी तथा तोडफोडबाट सार्वजनिक सेवा प्रवाह गर्न समस्या भएको देखिएकाले उक्त भवनहरूको मर्मत सम्भार/क्षतिको पुनःनिर्माण गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सो को नियमावली, २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिको खरिदको व्यवस्था बमोजिम आकस्मिक खरिद गर्न तथा सोही नियमावलीको नियम ८४ (१) मा भएको व्यवस्था बमोजिम तत्काल खरिद प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। |
| २. | शहरी पूर्वाधार विकास तथा भवन नियमन शाखा | विश्व बैंकको सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) मार्फत् सुन्दरहरैँचा नगरपालिका वडा नं. ६, ७ र ८ मा सञ्चालनमा (कार्यान्वयनमा) रहेको योजना (Contract ID: NP-DUDBC-400275-CW-RFB) को हालसम्मको कार्यलाई अभिलेखीकरण गर्न तथा तोकिएकै समयमा आयोजनाको निर्माण कार्य सम्पन्न गर्न/गराउन तथा गुणस्तरको विषयमा उठेका प्रश्नको प्राविधिक प्रतिवेदन/सिफारिस बमोजिम आवश्यक सुधार गर्ने लगायतका कार्य गर्न/गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। |
| ३. | सूचना प्रविधि तथा तथ्याङ्क शाखा | आ.व. २०८२/०८३ मा कार्यक्रम कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०८२ बमोजिम अवधारणा पत्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई, विराटनगरमा पेश गर्ने साथै सम्पर्क व्यक्तिका रुपमा सूचना प्रविधि अधिकृत सागर भण्डारीलाई तोक्ने तथा उक्त परियोजनाको कुल लागतको कम्तीमा ३० प्रतिशत रकम लागत सहभागिताको प्रतिबद्धता व्यक्त गर्ने। |
| ४. | सम्पत्ति व्यवस्थापन उपशाखा | मिति २०८२/०५/२४ गतेका दिन नयाँ पुस्ता (जेनजी) आन्दोलनका क्रममा आगजनी, तोडफोड तथा लुटपाटबाट भएको क्षतिलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम जलेर नष्ट भएका, तोडफोड गरी काम नलाग्ने अवस्थामा रहेका तथा लुटपाट भएका जिन्सी सामग्रीहरू तथा अभिलेखहरूलाई मिनाहा गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने। |
| ५. | सामान्य प्रशासन तथा क्षमता विकास शाखा | सुन्दरहरैँचा नगरपालिकाले कुनै विषयमा कानूनी अड्चन, विवाद लगायतमा सक्षम अदालतमा फिराद गर्न, कार्यालय तथा वडा समितिलाई विपक्षी बनाई पर्न सक्ने सबै प्रकारका मुद्दा-मामिलाहरूको प्रतिरक्षा गर्नका लागि कानून व्यवसायी मुकरर गर्न, वारिस सम्बन्धी कार्य गर्न एवम् मुद्दा सम्बन्धी अन्य जे जो कार्य गर्नुपर्ने हो सबै कार्य गर्नका साथै (अर्धन्यायिक निकायमा प्रतिरक्षा गर्न समेत) प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने। |
| ६. | सामान्य प्रशासन तथा क्षमता विकास शाखा | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ (४) को व्यवस्था बमोजिम दफा ४ (२) समितिको सिफारिसको आधारमा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने/नगर्ने सम्बन्धी निर्णय गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने। |
| ७. | सामान्य प्रशासन तथा क्षमता विकास शाखा | सुन्दरहरैँचा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम बि.जी. स्मार्टबिल्ड, सुन्दरहरैँचा-५ लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने। |
| ८. | सामान्य प्रशासन तथा क्षमता विकास शाखा | स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम यस कार्यालयमा कार्यरत श्री सागर भण्डारीलाई मिति २०८२/०८/१७ गतेदेखि लागू हुने गरी सातौं तह कायम गरियो। |
| ९. | सामान्य प्रशासन तथा क्षमता विकास शाखा | उच्च अदालत विराटनगरको रिट नं. ०८०-WO-०४१८, ०८०-WO-०४०८, ०८०-WO-०४२४ को आदेश बमोजिम देहाय बमोजिमका कर्मचारीहरूलाई मिति २०८०/०४/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी सातौं तहमा तह वृद्धि गरी पदनाम कायम गरियो।<br><br>देहाय :<br>१. लिलामणि दाहाल (क.स.नं. १६१६५५) – सातौं तहमा दिने पदनाम : ज.स्वा.अ.<br>२. बाबुराम आचार्य (क.स.नं. १७१९३२) – सातौं तहमा दिने पदनाम : ज.स्वा.अ.<br>३. सुवास कार्की (क.स.नं. १८५०६९) – सातौं तहमा दिने पदनाम : ज.स्वा.अ.<br>४. आनन्द कुमार मण्डल (क.स.नं. २०३४४९) – सातौं तहमा दिने पदनाम : ज.स्वा.अ.<br>५. अनिल बर्देवा (क.स.नं. १८८२७३) – सातौं तहमा दिने पदनाम : क.न.अ.<br>६. सन्जु शिवाकोटी (क.स.नं. १८५२४९) – सातौं तहमा दिने पदनाम : क.न.अ.<br>७. पिङ्गला पौडेल (क.स.नं. २२३२५५) – सातौं तहमा दिने पदनाम : क.न.अ. |

CS CamScanner

| निर्णय नं. | शाखा/उपशाखा/इकाई | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| | | ८. नेत्रबहादुर बस्नेत (क.स.नं. १७८६९७) – सातौं तहमा दिने पदनाम : मे.ल्या.टे. |
| १०. | राजश्व प्रशासन शाखा | सुन्दरहरैँचा नगरपालिका वडा नं. १ हरैँचाका सटरहरूको भाडादर सुन्दरहरैँचा नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची १३ मा उल्लेख भए बमोजिम प्रति सटर रु. ४,०००/- तथा दुलारी सटरहरूको भाडादर रु. ७,०००/- निर्धारण गरी सार्वजनिक सूचना आह्वान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। |
| ११. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपशाखा | देहाय बमोजिमको संस्थालाई आर्थिक सहायता प्रदान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।<br>देहायः<br>१. इन्द्रपुर नेवाः पुच, सुन्दरहरैँचा नगरपालिकालाई रु. ५० हजार |
| १२. | सूचना प्रविधि तथा तथ्याङ्क शाखा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३ च.नं. ७५ मिति २०८२/०५/०६ गतेको पत्रानुसार आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा गुणस्तर परीक्षण पश्चात् यस नगरपालिकाले ८४.५० अङ्क प्राप्त गरेको हुँदा उक्त LISA को अन्तिम नतिजा यस नगरपालिकाको वेबसाइट मार्फत् सार्वजनिक गर्ने। |
| १३. | योजना प्रशासन तथा अनुगमन शाखा | शहरी विकास मन्त्रालय मार्फत् सुन्दरहरैँचा नगरपालिका वडा नं. ५ मा रहेको नयाँ वृन्दावन गौशालामा ज्येष्ठ नागरिक धर्मशाला निर्माण गर्न विनियोजन भएको रु. ५० लाख सुन्दरहरैँचा नगरपालिकाको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्राप्त हुने गरी आवश्यक व्यवस्थाका लागि नेपाल सरकार शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय तथा उर्लाबारी नगरपालिका, मोरङलाई अनुरोध गर्ने। |
| १४. | योजना प्रशासन तथा अनुगमन शाखा | सुन्दरहरैँचा नगरपालिकाको "मर्मत सम्भार कोष सञ्चालन निर्देशिका,२०८४" को नियम ३ अनुसार मर्मत सम्भार व्यवस्थापन समितिको मिति २०८२/०६/०७ गतेको बैठकबाट सिफारिस भए बमोजिम देहाय बमोजिमको आयोजना/कार्य नगर कार्यपालिकाबाट स्वीकृत गर्दै मर्मत सम्भार कोषमा विनियोजन भएको रु. २५ लाख मध्येबाट खर्च हुने गरी नगरपालिकाको कार्यालयले भुक्तानी गर्ने।<br>देहायः<br>१. सुन्दरहरैँचा नगरपालिका वडा नं. ४ को बलिया चोकदेखि गोकुलम जाने बाटोमा विद्युत पोल जडान/मर्मत कार्य – बजेट रू. २ लाख १७ हजार मात्र |
| १५. | सम्पत्ति व्यवस्थापन उपशाखा | जनप्रतिनिधि तथा कर्मचारी र विभिन्न निकायहरूलाई साविकदेखिं दिइँदै गरेको इन्धन सुविधा यथावत राख्ने तथा कार्यबोझ अत्यधिक भएका र निरन्तर सम्पर्क गर्नुपर्ने जनप्रतिनिधि र कर्मचारीलाई सञ्चार बापत थप मासिक रु. ५००/- सञ्चार सुविधा दिने। |
| १६. | योजना प्रशासन तथा अनुगमन शाखा | सुन्दरहरैँचा नगरपालिका, मोरङ र नगर विकास कोष, नयाँ बानेश्वर, काठमाडौँसँगको देहाय अनुपातको सहलगानीमा नगर कार्यपालिकाको कार्यालयको नयाँ प्रशासनिक भवन निर्माण/पुरानो प्रशासकीय भवनको Retrofitting गर्न/गराउन इच्छुक रहेको हुँदा उक्त कार्यका लागि नगर विकास कोष, नयाँ बानेश्वर, काठमाडौँलाई प्रस्ताव सहित अनुरोध गर्ने।<br>देहायः<br>५० % - नगर विकास कोषबाट अनुदान<br>४० % - नगर विकास कोषबाट सहुलियत ब्याजदरमा ऋण<br>१० % - सुन्दरहरैँचा नगरपालिकाको साझेदारी<br>} वा तोकिए बमोजिम |

CamScanner